# नेपाल खाद्य संस्थानको
# खाद्य वस्तु ढुवानी सम्बन्धी सूचना
**प्रकाशित मितिः २०७६।०३।१०**

आर्थिक बर्ष २०७६।०७७ को लागि विभिन्न स्थानहरुमा स्थलमार्गद्धारा खाद्यबस्तु ढुवानी गर्नु पर्ने भएकोले मूल्य अभिवृद्धि करमा दर्ता भएका ईच्छुक ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रहने गरी गोप्य शिलवन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. संस्थानको तोकिएको कार्यालयबाट पछि फिर्ता नहुने गरी तोकिएको मूल्य तिरी बोलपत्र फाराम, बोलपत्र सम्बन्धी कागजात तथा बोलपत्रदाताले पालना गर्नु पर्ने शर्तहरुको बिबरण, सो सम्बन्धी जानकारी र सम्झौता पत्रको नमूना संलग्न गरिएको कागजात सेट मिति २०७६।०४।०८ गते सम्ममा खरिद गर्न सकिने छ र सोही बोलपत्र फाराम भरी पेश गर्नु वा पठाउनु पर्नेछ । वोलपत्र कागजात खरिद गर्न फर्म रजिष्ट्रेशन, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर र कर क्लियरेन्स पत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ ।

२. विद्युतीय माध्यम www.bolpatra.gov.np/egp मार्फत वोलपत्र पेश गर्न चाहने वोलपत्रदाताले माथि निर्धारित समय भित्र वोलपत्र कागजातहरु (hardcopy) खरिद गरी वा वोलपत्र कागजात Download गरी, निर्देशन कागजातमा उल्लेख भए अनुसारका कागजात साथ वोलपत्र पेश गर्नु पर्ने छ । वोलपत्र कागजात Download गरी विद्युतीय माध्यमवाट वोलपत्र पेश गर्न चाहने वोलपत्रदाताले कार्यालयको खातामा वोलपत्रको दस्तुर जम्मा गरी जम्मा गरेको भौचर Scanning गरी Scanned प्रति विद्युतीय वोलपत्र साथ पेश गर्नु पर्ने छ । यसरी वोलपत्र पेश गर्ने वोलपत्रदाताले वोलपत्र खोलेको निर्धारित मिति देखि ७ दिन भित्र सक्कलै हार्डकपि कागजात खरिद एकाई, प्रधान कार्यालय,काठमाडौंमा बुझाउनु पर्ने छ ।

३. एउटै बोलपत्रदाताले कुनै एक वा सो भन्दा बढी सेक्टरहरुमा खाद्यबस्तु ढुवानीको लागि बोलपत्र दिन सक्नेछ । तर जति वटा सेक्टरको लागि बोलपत्र पेश गर्ने हो, ती सेक्टरहरुको लागि बेग्ला बेग्लै बोलपत्र फाराम भरी पेश गर्नु पर्नेछ र तोकिए बमोजिम बेग्ला बेग्लै धरौटी, बैंक जमानत राख्नु पर्नेछ । एक भन्दा बढी सेक्टरमा E-bid गर्न चाहने बोलपत्रदाताले प्रत्येक सेक्टरका छुट्टा छुट्टै बोलपत्र फारम भरी आवश्यक कागजात संलग्न राखी एकै पटकमा Submit गर्नु पर्ने छ ।

४. बोलपत्रदाताले बोलपत्रसाथ धरौटी वापत तोकिएको रकम यस संस्थानको सम्बन्धित कार्यालयको बैंक खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा संस्थानमा नगद जम्मा गरेको नगदी रसिद बोलपत्रसाथ पेश गर्नु पर्नेछ । बोलपत्र साथ धरौटी वापत छुट्टै रकम राख्न अनिवार्य भएकोले बोलपत्रदाताले संस्थानसंग लिन बांकी कुनैपनि रकमलाई धरौटीमा समावेश गरिपाउं भनी निवेदन दिएमा सो लाई मान्यता दिईने छैन । बोलपत्रदाताले विड बण्डको लागि धरौटी वापत बैंक जमानी राख्न चाहेमा बोलपत्र पेश गरेको मितिले कम्तिमा ६ (छ) महिना अवधिको बैंक जमानी राख्नु पर्नेछ । वोलपत्र स्वीकृत भएपछि स्वीकृत बोलपत्रदाताले जम्मा ढुवानी भाडाको ५% (पांच प्रतिशत) रकम धरौटी बापत नगद जम्मा गरी वा सम्झौता अवधि भन्दा कम्तिमा ६ (छ) महिना बढी अवधि रहेको **"क"**बर्गको बाणिज्य बैंकवाट जारी भएको बैंक जमानत पेश गरी सम्झौता गर्नु पर्ने छ । बोलपत्र स्विकृतिको सूचना पत्रिकामा प्रकाशित मितिले १५ दिन भित्र सम्झौता गर्न नआएमा बोलपत्र साथ पेश गरेको धरौटी, बैंक जमानत जफत हुनेछ ।

५. बोलपत्रदाताले मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN), कर क्लियरेन्स पत्र, ईजाजत प्राप्त फर्म वा कम्पनी रजिष्ट्रेशनको प्रमाणपत्रको प्रतिलिपी, घोषणा पत्र र संस्थानले ढुवानीको लागि निर्धारण गरेको ढुवानी सेक्टरको परिमाणलाई बोलपत्रदाताले कवुल गरेको ढुवानी भाडाले गुणन गर्दा रु ६०,००,०००।– (साठी लाख मात्र ) भन्दा बढी ढुवानी भाडा खर्च लाग्ने सेक्टरको लागि बोलपत्र पेश गर्ने बोलपत्र दाताले यस भन्दा अगाडी सन्तोषजनक रुपमा ढुवानी कार्य गरेको अनुभव र पर्याप्त रुपमा ढुवानी साधन भएको आधार सहित कागजातहरु संलग्न गर्नु पर्नेछ र बोलपत्रको खाम बाहिर "***खाद्यबस्तु ढुवानीको बोलपत्र***" भन्ने उल्लेख हुनको साथै ढुवानीको सेक्टर समेत प्रष्ट उल्लेख गरी बोलपत्रदाताको पूरा नाम, थर, ठेगाना स्पष्ट लेखिएको हुनु पर्नेछ ।

६. बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले रित पूर्वक सहि छाप तथा शिलबन्दी गरी बोलपत्रदाता आफैले वा आफ्नो अधिकृत प्रतिनिधि मार्फत वा हुलाक वा कुरियर मार्फत मिति २०७६।०४।०९ गतेका दिन दिउंसो १२:०० बजे भित्र तोकिएको कार्यालयमा बोलपत्र बुझाई सक्नु पर्नेछ ।

७. संस्थानको जुन कार्यालयमा बोलपत्र बुझाएको हो, सोहि कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधि समेतको उपस्थितिमा सोही मिति २०७६।०४।०९ गते अपरान्ह २:०० बजे बोलपत्र खोलिने छ । तर, बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि वोलपत्र खोल्ने कार्यमा कुनै वाधा हुने छैन ।

८. बोलपत्र खरिद गर्ने वा पेश गर्ने अन्तिम दिन बिदा परेमा सो को भोलिपल्ट सम्म म्याद कायम रहने छ र सोहि अनुरुप बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोलिने दिन एक/एक दिन पछि सर्नेछ ।

९. आवश्यकता अनुसार ढुवानी सेक्टर , परिमाण थपघट हुन सक्नेछ ।

१०. ढुवानी गर्नु पर्ने सेक्टरहरु, बोलपत्र दस्तुर, धरौटी रकम र ढुवानी हुने मोटा मोटी परिमाण तथा अन्य विस्तृत जानकारीको लागि संस्थानको प्रधान कार्यालय, अञ्चल र शाखा कार्यालयको सूचना पाटीमा तथा वेब साईट www.bolpatra.gov.np/egp र संस्थानको वेबसाईट www.nfc.com.np मा समेत सूचना हेर्न सकिने छ । अन्य कुरा बुझ्न परेमा संस्थानको प्रधान कार्यालय तथा नजिकको अञ्चल तथा शाखा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

११. यो सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावलि २०६४ अनुसार हुनेछ ।

खरिद एकाई,प्रधान कार्यालय, काठमाडौं, फोन नं ०१४२५५८६५